Australian Government
Department of Health and Aged Care



# एज्ड केयर होम्स (वृद्धवृद्धा हेरचाह गृह) मा केयर मिनेट्स (हेरचाह समय)

**हेरचाह गृहमा बस्ने सबैजनाको लागि प्रत्येक एज्ड केयर होमले हेरचाहको लागि निश्चित समय प्रदान गर्नै पर्छ। रजिस्टर्ड नर्स, एनरोल्ड नर्स, व्यक्तिगत हेरचाह कर्मचारी र नर्सिङ्ग सहायकहरूद्धारा यस्तो हेरचाह दिनै पर्छ। यसलाई हेरचाह समय जिम्मेवारी भनिन्छ।**

## के परिवर्तन भयो?

सन् 2021 मा, Royal Commission [रोयल कमिसन] into Aged Care Quality and Safety (Royal Commission) ले हेरचाह गृहका निवासीहरूका आवश्यकताहरुका आधारमा प्रत्येक एज्ड केयर होमको हेरचाह समय जिम्मेवारी हुनु पर्छ भनी सिफारिश गरेको थियो। अस्ट्रेलियाली सरकारले यी हेरचाह समयलाई 1 अक्टोबर 2023 देखि अनिवार्य बनाएको छ।

## यो किन महत्वपूर्ण छ?

अस्ट्रेलियामा वृद्धवृद्धाहरुले प्राप्त गर्ने आवासीय हेरचाहको गुणस्तर त्यहाँका कर्मचारीहरुका तहहरूमा भर पर्छ भनी Royal Commission ले पहिचान गर्यो। अनिवार्य हेरचाह समयको अर्थ अस्ट्रेलियाभरिका एज्ड केयर होम्समा बस्ने मानिसहरूको व्यक्तिगत र क्लिनिकल हेरचाहमा अझ राम्रो पहुँच हुनेछ भन्ने हो।

## प्रत्येक व्यक्तिले कति हेरचाह समय पाउनेछ?

औसतमा, एज्ड केयर होममा बस्ने मानिसहरूले प्रत्येक दिन रजिस्टर्ड नर्सबाट कम्तिमा 44 मिनेट लगायत 215 मिनेटहरु हेरचाह समय प्राप्त गर्नेछन्। यो सबै हेरचाह समय केवल प्रत्यक्ष भेटेरै मात्र दिइदैन। उदाहरणको लागि, हेरचाह योजनाहरू तयार गर्ने, पारिवारिक सदस्यहरूसङ्ग हेरचाह मामिलाहरूमा समन्वय गर्ने र स्वास्थ्यकर्मीहरूसँग अप्वाइन्टमेन्ट मिलाउने जस्ता कृयाकलापहरू हेरचाह समयमा समावेश गरिन्छ।

सबै निवासीहरूका लागि हेरचाह समय लक्षहरू औसतमा तोकिने भएकोले, उनीहरूका आफ्नै व्यक्तिगत हेरचाह र क्लिनिकल आवश्यकताहरूका आधारमा केही मानिसहरूले बढी हेरचाह समय र अरूले कम प्राप्त गर्न सक्दछन्।

## एज्ड केयर होम्सले कसरी उनीहरूका हेरचाह समय लक्षहरू तय गर्छन्?

एज्ड केयर होम्सले उनीहरूका हेरचाह समय लक्षहरू प्रत्येक 3 महिना (वा वर्षको एक चौथाइ) मा तय गर्छन्। हेरचाह गृहमा पछिल्लो 3 महिनाभन्दा बढी बसेका मानिसहरूका हेरचाह आवश्यकताका आधारमा यी तय गरिन्छन्। यसको अर्थ तिनीहरूका लक्षहरू प्रत्येक वार्षिक चौथाइमा फरक हुनेछन्। तपाईं, साथै तपाईंको परिवार र हेरचाहकर्ताहरूले, हाम्रो डेटा शाखाको वेबसाइटमा तपाईंको हेरचाह गृहको अहिलेको हेरचाह समय लक्षहरू हेर्न सक्नुहुन्छ: www.health.gov.au/resources/collections/care-minutes-and-247-registered-nurse-responsibility-resources#data

## आफ्नो हेरचाह गृहले हेरचाह लक्षहरू पूरा गरेको छ भन्ने तपाईंले कसरी हेर्न सक्नुहुन्छ?

प्रत्येक एज्ड केयर होमको लागि प्रदान गरिने हेरचाह समय लक्षहरूलाई Staffing Star Rating [स्टाफिङ्ग स्टार रेटिङ्ग] को भागको रुपमा मापन गरिन्छ। Staffing Star Rating ट्याबमा My Aged Care 'Find a Provider' ['फाइन्ड अ प्रोभाइडर'] टुल मार्फत लक्षहरूको तुलनामा तपाईंको हेरचाह गृहको Staffing Star Rating साथै तपाईंको हेरचाह गृहमा प्रदान गरिने हेरचाह समय हेर्न सक्नुहुन्छ। myagedcare.gov.au/find-a-provider.

प्रत्येक वार्षिक चौथाइको अन्त पश्चातको करिब 4 महिनामा यो जानकारी अद्यावधिक गरिन्छ।

तपाईंले यसलाई हाम्रो वेबसाइटमा पनि हेर्न सक्नुहुन्छ: https://www.health.gov.au/resources/publications/service-level-care-minutes-performance-in-residential-aged-care-from-october-2023

## यदि मेरो एज्ड केयर होममा पर्याप्त कर्मचारीहरू छैनन् भने के हुन्छ?

अस्ट्रेलियको केही भागहरू जस्तै क्षेत्रिय र दुर्गम ग्रामिण क्षेत्रहरूमा एज्ड केयर होम्सले आफूलाई चाहिने सबै हेरचाह कर्मचारीहरू पाउन गाह्रो हुनसक्छ। थप हेरचाह कर्मचारीहरू उपलब्ध गराउनको लागि सहयोग गर्न सरकारले सबै एज्ड केयर होम्सहरूसँग काम गरिरहेको छ। थप जान्न: health.gov.au/topics/aged-care-workforce/what-were-doing

## मेरो एज्ड केयर होममा यदि कर्मचारीहरू बारे मेरो चासोहरू छ भने मैले के गर्न सक्छु?

तपाईंको एज्ड केयर होमको लागि रिपोर्ट गरिएको हेरचाह समयको यथार्थता बारे तपाईं चिन्तित हुनुहुन्छ भने तपाईंले हामीलाई ANACCReportingAssessments@health.gov.au मा इमेल पठाउन सक्नुहुन्छ।

Aged Care Quality and Safety Commission ले एज्ड केयर होम्समा बस्ने मानिसहरूको गुणस्तरीय जीवनको लागि सुरक्षा प्रदान गर्न सहयोग गर्छ। यदि प्रदान गरिएको हेरचाह बारे चासोहरू भएमा Commission ले सम्बोधन गर्नेछ। यदि तपाईंको एज्ड केयर होममा कर्मचारीहरू वा कुनै अन्य मामिला बारेमा चासो भएमा तपाईंले agedcarequality.gov.au/making-complaint वेबसाईटमा वा 1800 951 822 मा फोन गरेर Commission मा उजुरी गर्न सक्नुहुन्छ। उजुरीहरू परिचय खुलाएका, गोपनीयता कायम गरेर वा बेनामी हुनसक्छन्।

## मिलेर एज्ड केयरलाई परिवर्तन गरौं

एज्ड केयर सुधारहरू बारे निरन्तर आफ्नो भनाइ राख्नको लागि हामीले अस्ट्रेलियालीहरूलाई आमन्त्रण गर्छौं।

**agedcareengagement.health.gov.au** मा हेर्नुहोस्

**1800 318 209** फोन गर्नुहोस् (एज्ड केयर रिफर्म नि:शुल्क फोन लाईन)

ट्रान्सलेटिङ्ग एण्ड इन्टरप्रेटिङ्ग सर्भिसेजको लागि 131 450 मा फोन गर्नुहोस् र 1800 318 209 सम्पर्क गराउन भन्नुहोस्। National Relay Service (NRS) प्रयोग गर्न, आफूलाई उपयुक्त हुने पहुँचयुक्त विधि छान्न उनीहरूको nrschat.nrscall.gov.au/nrs वेबसाइटमा हेर्नुहोस् वा NRS Helpdesk लाई 1800 555 660 मा फोन गर्नुहोस्।